# प्वाल परेको मुटु

– डा. प्रकाशराज रेग्मी

राममाया १९ वर्षीय यूवती हुन् । उनको जन्मथलो रामेछाप हो । उनी काठमाडौंको एक गार्मेण्ट उद्योगमा काम गर्थिन । बाल्यकालमै आफ्नी आमाको मृत्युको पीडा भोगेकी राममायालाई आफ्ना बाबुले सौतेनी आमा ल्याएपछि अर्को पीडा खप्न बाध्य हुनुपरेको थियो । आफ्नै घर भित्र दुःख, पीडा र अन्याय सहन नसकी गाउँकै एक युवकको पछी लागि उनी काठमाडौं भागेर आएकी थिइन् । अनेक दुःख झेल्दै, असंख्य ठाउँमा चाहार्दै, थरि थरिका व्यक्तिहरुसँग बिन्तिभाउ गर्दै बल्लबल्ल एउटा गार्मेण्ट उद्योगमा रोजगार पाएकी थिइन् उनले । उनी जस्तै अरु पनि थिए यूवतीहरु सँगै काम गर्ने र बस्ने । राममाया आफ्नै गाउँका दिल बहादुरसँग पछि लागेर भागेर काठमाडौं आएकी थिइन् । भेटघाट हुँदा हुँदै उनीहरुको दुई बीच माया पिरती बसेको थियो । चाँडै नै विवाह बन्धनमा बाँधिने योजना बनाएका थिए उनीहरुले । बाल्यकालमा भोग्नु परेको दुःख, काठमाडौं आएर गरेको संघर्ष, दिल बहादुरसँगको माया पिरती र भोलीका दिनहरुमा सुख पाउने छु भन्ने आशामा बाँच्दै आएकी थिइन् राममाया ।

राममायासँग मेरो परिचय १ महिना अगाडि भएको थियो । उनी ललितपुर हार्ट क्लिनिकमा ज्वरो आउने र मुटु हल्लिने भएर जचाँउन आएकी थिइन् । ज्वरो मात्रै आएको भए सायद सिटामोल मात्र खाएर दबाउने प्रयाश गर्थिन होला उनले तर मुटु हल्लिने भएर कामै गर्न गाऱ्हो भए पछि उनी मुटु रोग सम्बन्धी उपचार हुने क्लिनिकमा जचाउन आउन बाध्य भएकी थिइन् । मैले छातीमा स्टेथेस्कोप राखेर सुन्ने बित्तिक्कै उनको मुटुको पीडाको आवाज सुनेको थिए । एउटा अद्भूत आवाज निस्कन्थ्यो उनको मुटुबाट प्रत्येक ढुकढुकीसँगै । मैले उनको मुटुमा प्वाल भएको शंका गर्ने सबै आधारहरु फेला पासिकेको थिए । ई. सि. जि., एक्स-रे र इकोकार्डियोग्राफी परीक्षणहरु गरिसके पछि उनको मुटुमा १.५ मि.मि.को प्वाल रहेको निश्चित भएको थियो । मैले मुटुमा प्वाल रहेको र सोको उपचार शल्यक्रियाद्वारा मात्र संभव भएको कुरा उपचारको क्रममा राममायालाई बताई दिएको थिएं । ज्वरोको कारण न्यूमोनिया थियो । ज्वरोले साधारण असर पारेर मुटु हल्लिएको थियो । ज्वरो एण्टिबायोटिक खाए पछि केहि दिनमा पुरै निको हुन्थ्यो । तर मुटुको प्वाल औषधी सेवनले टालिने अवस्था थिएन । मैले राममायालाई उनको मुटुमा प्वाल परेको कुरा तत्काल बताई हालेको थिएँ । मैले ठिक गरे या बेठिक त्यसबेला मलाई पत्तो भएन । मैले सिर्फ एक साधारण डाक्टरको भूमिका निर्वाह गरेको थिएँ त्यस क्षणमा ।

मेरो कुरा सुनेर गंभिर भएकी थिइन राममाया । उनले आफ्नो मुटुमा प्वाल होला भन्ने कुराको शंका पनि गरेकी थिइनन् । ज्वरो आएको दिनसम्म कुनै लक्षण पनि थिएन उनलाई । उनलाई विश्वास लागिरहेको थिएन मेरो भनाई र सल्लाह प्रति । आखिर उनको मुटुमा कतैबाट बांण नलागि कसरी प्वाल पऱ्यो होला त ? उनी, गहिरिएर सोच्न थालेकी थिइन् । बाल्यकालमा सहनु परेको दुःख र पीडाका कारण पो प्वाल परेको हो कि भन्ने संका जागेर आएको थियो उनलाई । पहिलो भेटमा उनले मलाई कुनै पनि प्रश्न राखेकी थिइनन् । मैले लेखिदिएको प्रेश्क्रिप्शान समाती गंभिर र चिन्तित मुद्रामा उनी क्लिनिकबाट बाहिरिएकी थिइन् ।

१ हप्ता पछि उनी दिल बहादुरलाई लिएर फेरि मलाई भेट्न क्लिनिकमा आएकी थिइन् । उनको ज्वरो ठिक भैसकेको थियो तर मुटु हल्लिने झन् बढेको थियो । उनको अनुहार भित्र गहिरो पीडा लुकेको आभाश हुन्थ्यो । पहिलो प्रश्न दिलबहादुरले राखेको थियो मसँग । “सध्ये (सकुशल) जन्मिएकी र निरोगी हुर्किएकी राममायाको मुटुमा कसरी प्वाल पऱ्यो डाक्टर साप?” यो प्रश्नले मलाई कुनै खास असर परेन जति ठूलो असर उसको दोश्रो प्रश्नको पऱ्यो । “यसले अब बच्चा जन्माउन सक्छे कि सक्दिन डाक्टर साप” मैले यि प्रश्नहरुको जवाफ सजिलैसँग सोझो हिसाबले दिन सक्थें तर राममायाको सामाजिक परिवेश, उनको व्यक्तिगत जीवन र भविष्यलाई ध्यानमा राख्दा मैले एकै छिन सोच्न बाध्य भएको थिएँ । दिलबहादुरले एकदम ठिक र महत्वपूर्ण प्रश्नहरु राखेको थियो । आखिर सध्य जन्मिएकी र निरोगी हुर्किएकी राममायाको मुटुमा कसरी प्वाल पऱ्यो होला त ? उनको मुटुमा प्वाल पर्ने गरी कुनै तीखो चिजले घोचेको राममाया

स्वयंलाई थाहा थिएन । यस्तो प्वाल परेको मुटु लिएर अब राममायाले पेट बोक्न र बच्चा जन्माउन सक्थी र ? मैले दिने जवाफको असर राममायाको जीवनमा कस्तो पर्ने हो ? मैले गहिरिएर सोच्न बाध्य भएको थिएँ । आफ्नो रोगको बारेमा पूर्ण जानकारी पाउनु पर्ने अधिकार राख्छन् बिरामीहरु, अनी डाक्टरको पनि कर्तब्य रहन्छ सम्पूर्ण सत्य तथ्य जानकारी गराउने । मैले झूठो बोल्न मिलेन । धेरै सोचे पछि मैले सत्य कुरा बताइदिने निर्णय गरेको थिएँ ।

राममायाको मुटुमा प्वाल जन्मिए पछि कुनै तिखो औजारले घोचेर परेको थिएन । जन्मदा खेरीनै प्वाल परेको मुटु लिएर यस पृथ्वीमा आएकी थिइन् उनी । जन्मौटे मुटुको रोग थियो उनको । उनी भ्रुणको रुपमा आफ्नी आमाको पेट भित्र रहंदा सायद कुनै गडबडी भएको थियो । त्यसबेला उनको मुटुको बिकास बिकृत रुपमा हुन पुगेको थियो । संरचना र सृष्टि देखि नै मुटुमा प्वाल रह्यो उनको । प्वाल परेको भएपछि राम्रैसँग काम गरिरहेको थियो उनको मुटुले । प्वालले कुनै पनि असर देखाएको थिएन १९ वर्षको उमेरसम्म । जाँचेको हुनाले थाहा भयो प्वाल छ भन्ने कुरा । नजाँचेको भए अर्को १९ वर्षसम्म पनि थाहा हुँदैनथ्यो होला त्यो कुरा । त्यो रोग नै त्यस्तै हो । पहिलो प्रश्नको उत्तर सुनेपछि दिल बहादुरले अँ भन्दै टाउको हल्लाएको थियो । मैले रोगको बारेमा अन्य तथ्यहरु पनि भन्दै राखेको थिए । “राम मायाको मुटु भित्रको चाप ५० मि.मि. छ । अनी मुटु सुन्निएको छ । यस कारण यो अवस्थामा पेट बोक्न र बच्चा जन्माउन मिल्दैन किन की यो बच्चा र आमा दुबैका लागि प्राणघातक हुन सक्छ । तर चिन्ता मान्नु पर्ने कुरा छैन किनकी यो प्वाल सजिलै अप्रेशन गरेर टाल्न सकिन्छ । बढीमा १ लाख रुपैया खर्च लाग्छ । अप्रेशन यही काठमाडौंको अस्पतालमा गराउन सकिन्छ । अप्रेशन पछि राममायाको मुटु पूर्ण रुपले ठिक हुन्छ र त्यस पछि उनले ५  वटा बच्चा पनि जन्माउन सक्ने हुन्छिन् ।” मैले अत्यन्तै उत्साहजनक र प्रोत्साहित पार्ने गरी बोलेको थिएँ यि शब्दहरु । मैले आशा गरेको थिए - राममायाको मुटुको प्वाललाई टाल्ने प्रयास हुनेछ अनी उनी बच्चाकी आमा हुने छिन् । गार्मेण्ट उद्योग भित्र, फुटपाथका पसलहरु वरीपरी, टुँढीखेल र रत्नपार्कका चटकेहरु वरीपरी, जेठको चर्को घाम, पुष माघको तुसारो, साउनको झरी अनि दशैं तिहारको खुला आकास मुनी राममायाको जीवन अन्य निम्न आर्थिक स्तर भएका नेपालीहरुको झैं अभावग्रस्त भए पनि सामान्य रुपले अगाडि बढ्ने छ ।

राममायासँगको मेरो तेश्रो र अन्तिम भेट अर्को १ हप्ता पछि भएको थियो । उनी एक्लै आएकी थिइन मलाई भेट्न । मेरो अगाडि बिरामीको कुर्सीमा बस्ने बित्तिकै उनी भक्कानो छोडेर रुन थालेकी थिइन् । म आत्तिएको थिएँ । मैले शुरुमा कुरै बुझ्न सकेको थिइन । उनको कुममा थमथमाएर नरोउ, किन रोएकी भनि सोध्ने आँटसम्म मैले गरेको थिएँ । एकै छिन भक्कानो छोडेर रोए पछि उनी सुक्क सुक्क गर्न थालेकी थिइन् । आँसुका धाराहरु बगिरहेका थिए । आँखाहरु राता राता भैसकेका थिए । अनुहार अत्यन्तै गंभीर भएको थियो उनको । चिन्ता र पीडाको खानीले मुटु भरिएको आभाष मिल्थ्यो उनको अनुहारबाट । तर वाक्य भने फूट्न सकेको थिएन । उनले मलाई केहीबेर एकटकले हेरिरहिन् र एकाएक चर्को स्वरले वाक्य फुटाइन - “मेरो मुटुमा प्वाल छ भनेर किन भनिदिएको संसारको अगाडि” “मैले बच्चा जन्माउन सक्दिन भनेर किन मलाई अरुका अगाडि खोटो बनाएको ?”  “म बरबाद भएँ डाक्टर साप म बरबाद भएँ ।” “अब म कसको सहारामा बाचुँ”?

राममायाको रोदन सुनेर म चिन्तित भएको थिएँ । उनका शब्दहरु मेरो कान वरीपरी गुञ्जीरहेका थिए । उनका प्रश्नहरु र उनले पोखेका व्यथाहरुले अत्यन्तै ठूलो अर्थ राख्दथ्यो उनको जीवनमा । मैले उनको रोगको बारेमा बताएका सत्य कुराहरु र शब्दहरुले त्यत्रो ठूलो नकारात्मक असर पार्ला भनेर मैले सोचेको पनि थिइन । बच्चा पाउन नसक्ने खोटी आइमाई भनेर दिलबहादुरले राममायालाई छाडी दिएछ । प्वाल परेको मुटु भएकी रोगी आइमाई भनेर गार्मेण्ट उद्योगको मालिकले उनलाई कामबाट निकाली दिएछ । साथी संगीले उनलाई “प्वाल परेकी राममाया” भनेर जिस्काउन थालेछन् । उनी फेरि सुनसान सडकमा ज्यूँदो लाश भएर फ्याकिइन पुगिछन् ।

परिस्थितिको गंभिरता बुझ्न मलाई समय लागेन । म झसँग भएको थिएँ । मेरो जिउ काप्न थालेको थियो । मैले आफूलाई अपराधी महशुश गर्न थालेको थिएँ । मैले त रोगीहरुलाई सहयोग पुऱ्याउने काम पो गर्ने हो  तर यहा उल्टो भयो । मैले बोलेका शब्दहरुको कारण एउटा नारीको जीवन अलपत्र पऱ्यो । कत्रो ठूलो गल्ती मैले गर्न पुगेछु । म अत्यन्त भावुक भएको थिएँ । गहन अपराध बोधले मेरो छाती चर्किएर आएको थियो । मैले राममायाको अनुहारमा हेर्न सकिन । मैले हाम्रो समाजलाई धिक्कारे । त्यो समाज जसले राममाया जस्तीलाई सहारा दिन सकेन । उपचार गराएमा पूर्ण रुपले सञ्चो हुने रोगीलाई उपचार गराएर समाजमा मान्छे भएर बाच्ने स्थान दिनुको सट्टा उल्टो समाजबाट घोक्राएर निकालि दियो । दिलबहादुर जस्ता अशिक्षित, स्वार्थी र निर्दयी मान्छेहरुले भरिएको त्यो समाजलाई मैले धिक्कारे जहाँ माया पिरतीको कुनै मूल्य रहेनछ, जहाँ मावनता भन्ने शब्द रहेनछ, जहाँ स्वार्थी र मतलवीहरुको मात्र बास रहेछ । मैले हाम्रो वर्तमान स्वास्थ्य सेवालाई पनि धिक्कारे जहाँ राममाया जस्ता गरिब दुःखीहरुले उचित उपचार र स्थान पाउन सक्दैनन् । टाठा बाठा र हुने खानेले सहुलियत र सहयोग पाउने चलन चलेको यो समाजमा राममाया जस्ताको कुनै स्थान रहेनछ ।

म धेरै भावुव भैसकेको थिए । म डाक्टर मात्र नभएर मुटु भएको संवेदनशील मान्छे पनि हुँ भन्ने महशुश गर्न थालेको थिए । यस कारण मैले "डाक्टरी पेशा भित्रको म" लाई पनि धिक्कारे जसले डाक्टरी भाषा मात्र बोल्यो मान्छेको भाषा बोल्न जानेन । भिरबाट खसेर खुट्टा भाच्चिए पछि मात्र मैले बुझें खुट्टाको के महत्व हुँदो रहेछ । आँखा फुटे पछि मात्र मैले बुझें दृष्टिको के महत्व हुँदो रहेछ । कसैको मुटु चुडाए पछि मात्र मैले बुझें यो जीवनको ढुकढुकीको के महत्व हुँदो रहेछ । कुरा सत्य भए पनि त्यो बोल्न हुँदोरहेनछ । मलमले पनि कहिले काहि पोल्न सक्दो रहेछ । डाक्टरी ज्ञानले मात्र डाक्टर पूर्ण हुँदो रहेनछ । आखिर मान्छेको मुटु हो प्वाल परे पनि त्यो चल्दो रहेछ । राममाया मात्र होइनन्, अनगिन्ती छन् यहाँ प्वाल परेको मुटु बोकेर हिंड्नेहरु । यि प्वाल परेका मुटु हुनेहरुको पीडादायी चित्कार सुन्न र बुझ्न आफ्नै मुटुमा प्वाल पार्नु पर्ने रहेछ ।